नगरसभाबाट स्वीकृत मितिः २०८३/०३/०७ गते
प्रमाणीकरण मितिः २०८३/०४/०६ गते

# स्थानीय राजपत्र


परशुराम नगरपालिका द्वारा प्रकाशित

जोगबुडा, डडेल्धुरा, सुदूरपश्चिम प्रदेश, नेपाल

खण्ड ९ संख्या ०३ मितिः वि.स.२०८३ साउन ०६ गते


## भाग १

## स्थानीय सरकार

सुदूरपश्चिम प्रदेश सरकार स्थानीय तहको कानून निर्माण प्रक्रिया ऐन, २०७५ को दफा २४(५) वमोजिम परशुराम नगरपालिकाको नगर सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ।

## परशुराम नगरपालिकाको स्वास्थ्य सेवा ऐन, २०८३

प्रस्तावनाः स्वस्थ जीवनयापन गर्न पाउने नागरिकको नैसर्गिक अधिकारलाई आत्मसाथ गर्दै, व्यक्तिको शारीरिक, मानसिक तथा सामाजिक विकासका लागि स्वच्छ, स्वस्थ एवं सुरक्षित वातावरण र गुणस्तरीय स्वास्थ्य सेवाको अपरिहार्यतालाई मनन गर्दै, स्वास्थ्य सेवाबाट कुनै पनि नागरिक बन्चित हुने अवस्था आउन नदिन उपलब्ध स्रोत साधनको समुचित सदुपयोग गर्दै नेपालको संविधानले प्रत्याभूत गरेको निःशुल्क, आधारभूत स्वास्थ्य सेवालाई नगरपालिकामा व्यवस्थित, जनमुखी र प्रभावकारी बनाउनका लागि आवश्यक कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकाले,

नेपालको संविधानको धारा ५७ (४) तथा अनुसूची–८ मा भएको व्यवस्था र धारा २२६ बमोजिम परशुराम नगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ।

## परिच्छेद–१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम **"परशुराम नगरपालिकाको स्थानीय स्वास्थ्य सेवा ऐन, २०८३"** रहेको छ।

(२) यो ऐन नगर सभाबाट स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशित भए पश्चात् लागु हुनेछ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमाः–

(क) "अनुगमन समिति" भन्नाले दफा ११ बमोजिम गठित अनुगमन समितिलाई जनाउनेछ।

(ख) "आधारभूत स्वास्थ्य सेवा" भन्नाले आम नागरिकको स्वास्थ्य आवश्यकता पूर्तिका लागि राज्यबाट सुलभ रूपमा निःशुल्क उपलब्ध हुने प्रवर्द्धनात्मक, प्रतिकारात्मक, निदानात्मक, उपचारात्मक र पुनःस्थापनात्मक सेवा सम्झनुपर्छ।

(ग) "आकस्मिक उपचार सेवा" भन्नाले बिरामीको जीवन खतरामा परेको वा कुनै अंग अशक्त हुने अवस्थामा तत्काल उपचार सेवा प्रदान गरी मृत्यु वा अशक्त हुनबाट जोगाउने उपचारात्मक सेवाहरू पर्दछन्।

(घ) "ऐन" भन्नाले स्वास्थ्य सम्बन्धी ऐनलाई सम्झनुपर्छ।

(ङ) "कार्यपालिका" भन्नाले परशुराम नगरपालिकाको नगर कार्यपालिका सम्झनुपर्छ।

(च) "गैह्र–सरकारी वा निजी स्वास्थ्य संस्था" भन्नाले परशुराम नगरपालिकाक्षेत्रभित्र प्रचलित कानूनबमोजिम सरकारको स्वीकृति र सञ्चालन अनुमति लिई गैह्र–सरकारी तथा निजी लगानी वा स्वामित्वमा सञ्चालन गरेका स्वास्थ्य संस्था सम्झनुपर्छ।

(छ) "चिकित्सक तथा स्वास्थ्यकर्मी" भन्नाले प्रचलित कानूनबमोजिम स्वास्थ्य सेवा प्रदान गर्न सम्बन्धित परिषद्बाट अनुमति प्राप्त व्यक्ति सम्झनुपर्छ।

(ज) "जनस्वास्थ्य निरीक्षक" भन्नाले जनस्वास्थ्य सम्बन्धी अनुगमनका लागि तोकिएको पदाधिकारी सम्झनुपर्छ।

(झ) "जंक फुड" भन्नाले फ्याट, चिनी वा नुनको अत्यधिक मात्रा भएको प्रशोधित खाद्य सामग्री बुझिनेछ।

(ञ) "तोकिए बमोजिम" भन्नाले यस ऐन बमोजिमको नियमावलीमा तोकिएको प्रावधान सम्झनुपर्छ।

(ट) "नगरपालिका" भन्नाले परशुराम नगरपालिका सम्झनुपर्छ।

(ठ) "नगरपालिका क्षेत्र" भन्नाले नगरपालिकाको भू–भाग सम्झनुपर्छ।

(ड) "निर्देशिका" भन्नाले यस ऐनको कार्यान्वयन गर्न कार्यपालिकाले जारी गर्ने निर्देशिका सम्झनुपर्छ।

(ढ) "प्रमुख" भन्नाले नगरपालिका प्रमुख सम्झनुपर्छ।

(ण) "सरकारी स्वास्थ्य संस्था" भन्नाले परशुराम नगरपालिका क्षेत्रभित्र सरकारले सञ्चालन गरेका स्वास्थ्य संस्था सम्झनुपर्छ।

(त) "सेवा प्रदायक" भन्नाले मान्यताप्राप्त शिक्षण संस्थाबाट स्वास्थ्य सेवाका विषयमा निश्चित योग्यता वा तालिम हासिल गरी सम्बन्धित परिषद्बाट अनुमतिप्राप्त स्वास्थ्य संस्थामा कार्यरत चिकित्सक तथा स्वास्थ्यकर्मी र सामुदायिक स्वास्थ्य कार्यकर्ता सम्झनुपर्छ र सो शब्दले स्वास्थ्य सेवा प्रदान गर्ने अनुमतिप्राप्त स्वास्थ्य संस्थालाई समेत जनाउनेछ।

(थ) "सेवाग्राही" भन्नाले स्वास्थ्य संस्थामा स्वास्थ्य सेवा लिने व्यक्ति सम्झनुपर्छ।

(द) "स्वास्थ्य संस्था" भन्नाले प्रचलित कानूनबमोजिम स्थापना भएका, इजाजतपत्र लिएका सरकारी, गैहसरकारी, निजी, सामुदायिक र सहकारी रूपमा सञ्चालित दफा ६ र दफा ८ बमोजिमका स्वास्थ्य संस्थालाई जनाउँछ।

(ध) "स्वास्थ्यमा प्रत्यक्ष रूपमा प्रतिकूल असर" भन्नाले सम्बन्धित गतिविधिको प्रत्यक्ष नतिजा स्वरूप पीडित पक्षलाई शारीरिक वा मानसिक रोग लागेको, चोटपटक लागेको, अंगभंग भएको वा मृत्यु भएको भनेर बुझ्नुपर्छ।

(न) "शाखा" भन्नाले कार्यपालिकाको स्वास्थ्य तथा सरसफाई शाखा सम्झनुपर्छ।

## परिच्छेद–२

## आधारभूत स्वास्थ्य सेवा र सेवा प्रदायक

३. **आधारभूत स्वास्थ्य सेवाः** (१) कुनै पनि नागरिकलाई स्वास्थ्य सेवाबाट वञ्चित गरिने छैन। प्रत्येक नागरिकलाई गुणस्तरीय स्वास्थ्य सेवामा सहज र सर्वसुलभ पँहुच हुनेछ।

(२) प्रत्येक नागरिकलाई नेपाल सरकारले तोकेका देहाय बमोजिमका शीर्षकका आधारभूत स्वास्थ्य सेवाहरू निःशुल्क प्राप्त गर्ने हक हुनेछ।

(क) खोप सेवा,

(ख) एकीकृत नवजात शिशु तथा बालरोग व्यवस्थापन, पोषण सेवा, गर्भवती, प्रसव तथा सुत्केरी सेवा, परिवार नियोजन, गर्भपतन तथा प्रजनन स्वास्थ्य जस्ता मातृ, नवजात शिशु तथा बाल स्वास्थ्य सेवा,

(ग) सरूवा रोग सम्बन्धी सेवा,

(घ) नसर्ने रोग तथा शारीरिक बिकलङ्गता सम्बन्धी सेवा,

(ङ) मानसिक रोग सम्बन्धी सेवा,

(च) जेष्ठ नागरिक स्वास्थ्य सम्बन्धी सेवा,

(छ) सामान्य आकस्मिक अस्वस्थताको सेवा

(ज) स्वास्थ्य प्रवर्द्धन सेवा,

(झ) आयुर्वेद तथा अन्य मान्यताप्राप्त वैकल्पिक स्वास्थ्य सेवा,

(ञ) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना जारी गरी तोकेका अन्य सेवा,

(३) नेपाल सरकारले निर्धारण गरेको आधारभूत स्वास्थ्य सेवा सम्बन्धी मापदण्ड, सेवाहरूको विस्तृत विवरण, सेवा प्रवाह सम्बन्धी अन्य व्यवस्था र प्रक्रिया बमोजिम कार्यपालिकाले उपदफा (२) बमोजिमका आधारभूत स्वास्थ्य सेवाको व्यवस्थापन गर्नेछ।

(४) नेपाल सरकारले निर्धारण गरेका उपदफा (२) बमोजिमका सेवामा स्थानीय आवश्यकता र उपलब्ध स्रोत साधनका आधारमा आवश्यकता अनुसार कार्यपालिकाले निर्णय गरी आधारभूत स्वास्थ्य सेवाको सूची थप गर्न सक्नेछ।

(५) उपदफा (२) मा उल्लेख गरिएका सेवाका अतिरिक्त तोकिएको वर्ग, समुह, लिङ्ग वा क्षेत्रका नागरिकलाई तोकिए बमोजिमका अन्य स्वास्थ्य सेवा समेत कार्यपालिकाले निःशुल्क उपलब्ध गराउन सक्नेछ।

(६) आधारभूत स्वास्थ्य सेवा व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

४. **आधारभूत स्वास्थ्य सेवा प्रदायकः** (१) नगरपालिकाले देहाय बमोजिमका सरकारी स्वास्थ्य संस्था तथा समुदायमा आधारित स्वास्थ्य कार्यक्रमबाट आधारभूत तथा अन्य स्वास्थ्य सेवा सुनिश्चित गर्न सक्नेछ।

(क) सामुदायिक स्वास्थ्य ईकाई,

(ख) स्वास्थ्य चौकी/प्राथमिक स्वास्थ्य केन्द्र,

(ग) प्राथमिक अस्पताल/नगर अस्पताल,

(घ) रक्त संचार केन्द्र,

(ङ) आयुर्वेदिक औषधालय,

(च) नगर फार्मेसी/सामुदायीक फार्मेसीः अस्पताल फार्मेसी,

(छ) सामुदायिक अस्पताल,

(ज) शहरी स्वास्थ्य प्रवर्द्धन केन्द्र/जनता स्वास्थ्य केन्द्र,

(झ) गाँउघर क्लिनिक।

(२) आधारभूत स्वास्थ्य सेवा प्रदान गर्नका लागि आवश्यकता अनुसार नगरपालिकाले निजी, गैरसरकारी, सहकारी र सामुदायिक स्वास्थ्य संस्थासँग सहकार्य वा साझेदारी गर्न सक्नेछ।

(३) नगरपालिकाभित्र सरकारले सञ्चालन गरेका वा आधारभूत स्वास्थ्य सेवा दिन भनी सम्झौता गरिएका स्वास्थ्य संस्थामा कुनै पनि नेपाली नागरिकलाई आधारभूत स्वास्थ्य सेवामा बन्देज गरिने छैन।

**५. नगरपालिका स्वास्थ्य शाखाः** (१) आधारभूत स्वास्थ्य सेवा तथा यस ऐन बमोजिम स्वास्थ्य सम्बन्धी नगरपालिकाको अन्य गतिविधि सञ्चालन गर्नका लागि नगर कार्यपालिका मातहत एक स्वास्थ्य शाखा हुनेछ।

(२) कार्यपालिकाले स्वास्थ्य सेवा प्रवाह व्यवस्थित गर्न शाखा अन्तर्गत आवश्यकता अनुसार उपशाखा र इकाईहरू बनाउन सक्नेछ।

## परिच्छेद–३

## स्वास्थ्य संस्था स्थापना तथा सञ्चालन

**६.स्वास्थ्य संस्था स्थापना र सञ्चालनः** (१) नगरपालिका क्षेत्रभित्र आधारभूत स्वास्थ्य सेवा तथा अन्य स्वास्थ्य सेवा प्रदान गर्नका लागि कार्यपालिकाले देहायका स्वास्थ्य संस्था स्थापना तथा सञ्चालन गर्न सक्नेछ।

(क) अस्पताल

(ख) प्राथमिक स्वास्थ्य केन्द्र

(ग) स्वास्थ्य चौकी

(घ) सामुदायिक इकाई

(ङ) आयुर्वेद औषधालय

(च) रक्त संचार केन्द्र

(छ) सार्वजनिक फार्मेसी वा अस्पताल फार्मेसी

(ज) सामुदायिक क्लिनिक

(झ) शहरी स्वास्थ्य प्रवर्द्धन केन्द्र जनता स्वास्थ्य केन्द्र

(ञ) तोकिए बमोजिमका अन्य स्वास्थ्य संस्था

(२) उपदफा (१) बमोजिमका स्वास्थ्य संस्थाको तहगत संरचना र सेवा तथा पूर्वाधारको न्यूनतम मामदण्ड संघीय सरकारले तोके बमोजिम हुनेछ।

(३) नगरपालिकामा स्वास्थ्य सेवा सञ्चालनको लागि आवश्यकता अनुसार प्रत्येक वडामा कम्तिमा एक स्वास्थ्य संस्था रहने गरी कार्यपालिकाले स्वास्थ्य संस्थाहरू स्थापना तथा सञ्चालन गर्न सक्नेछ।

(४) नगरपालिकाले उपदफा (१) बमोजिमका स्वास्थ्य संस्थाबाट आधारभूत स्वास्थ्य सेवाका अतिरिक्त तोकिए बमोजिमका अन्य सेवाको सुनिश्चितता गर्नेछ।

(५) हरेक सरकारी अस्पतालहरुले अनिवार्य रूपमा आफ्नै फार्मेसी सञ्चालन गरी अत्यावश्यक निःशुल्क औषधीहरूको नियमित उपलब्धता सुनिश्चित गर्नुका साथै अन्य आवश्यक औषधीहरू सुपथ मूल्यमा उपलब्ध गराउनु पर्नेछ।

(६) औषधी सम्बन्धी अन्य व्यवस्था प्रचलित कानूनबमोजिम हुनेछ।

**७. स्वास्थ्य संस्था व्यवस्थापनः** (१) नगरपालिकाको स्वामित्व रहेका स्वास्थ्य संस्थाको व्यवस्थापनका लागि देहाय बमोजिमको एक व्यवस्थापन समिति हुनेछ।

(क) स्वास्थ्य संस्था रहेको सम्वन्धित वडाको अध्यक्ष – अध्यक्ष

(ख) स्थानीय लब्धप्रतिष्ठित समाजसेवी मध्येबाट वडा अध्यक्षले तोकेको व्यक्ति –उपाध्यक्ष

(ग) कार्यपालिकाको स्वास्थ्य क्षेत्र हेर्ने सदस्य – सदस्य

(घ) सामाजिक स्वास्थ्य शिक्षा क्षेत्रमा क्रियाशील स्थानीय व्यक्तिहरू मध्ये एक महिला सहित २ जना – सदस्य

(ङ) महिला स्वास्थ्य स्वयंसेविकाहरू मध्येबाट १ जना – सदस्य

(च) सम्वन्धित स्वास्थ्य संस्था प्रमुख – सदस्य सचिव

(२) समितिले आवश्यक देखेमा स्थानीय समाजसेवी, विज्ञ वा कर्मचारीलाई समितिको वैठकमा आमन्त्रण गर्न सक्नेछ।

(३) नगरपालिका प्रमुख स्वास्थ्य संस्थाको संरक्षक रहनेछन्।

(४) व्यवस्थापन समितिको काम, कर्तव्य अधिकार र सो सम्वन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

**८. स्वास्थ्य संस्था सञ्चालन अनुमति लिनुपर्नेः** (१) नेपाल सरकारले निर्धारण गरेको मापदण्डका साथै तोकिएको प्रक्रिया पूरा गरेको सुनिश्चित गरी नगरपालिकाक्षेत्रभित्र निजी, गैरसरकारी, सामुदायिक वा सहकारी संस्थालाई कार्यपालिकाले देहाय बमोजिमका स्वास्थ्य संस्था सञ्चालनको लागि इजाजतपत्र दिन सक्नेछः–

(क) जनरल् अस्पताल

(ख) नर्सिङ होम

(ग) निदान केन्द्र

(घ) क्लिनिक

(ङ) औषधी पसल

(च) आयुर्वेदिक औषधालय

(छ) पुनर्स्थापना केन्द्र

(ज) पोलिक्लिनिक

(झ) मेडिकल ल्याब र डायग्नोष्टिक सेवा

(ञ) वैकल्पिक तथा प्राकृतिक चिकित्सा (योग, फिजियोथेरापी, होमियोप्याथी, युनानी, अक्कुपन्चर, मोवाईल हेल्थ क्लिनिक)

(२) इजाजतपत्र प्राप्त नगरी गैर–सरकारी वा निजी स्वास्थ्य संस्थाले स्वास्थ्यसँग सम्बन्धित कुनै पनि कार्य गर्न पाउनेछैन।

(३) उपदफा (१) बमोजिमका स्वास्थ्य संस्थाले स्वास्थ्य संस्था सञ्चालनको अनुमति लिन वा नवीकरण गर्न दरखास्त दिनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम दिइने दरखास्तको ढाँचा र तिर्नु पर्ने दस्तुर तोकिए बमोजिम हुनेछ।

(५) उपदफा (१) बमोजिमका स्वास्थ्य संस्था दर्ता गर्दा शाखाले तोकिएको प्रक्रियाका साथै नेपाल सरकारले तोकेको प्रचलित मापदण्ड समेत पूरा भएको सुनिश्चित गर्नेछ।

(६) उपदफा (१) बमोजिमका स्वास्थ्य संस्था दर्ता तथा अनुमति दिनुपूर्व नगरपालिकाको स्वास्थ्य संस्था अनुगमन समितिले आवेदन परेको १५ दिनभित्र आवश्यक अनुगमन गरी तोकिएको मापदण्ड पूरा गरे नगरेको विस्तृत अध्ययन गर्नेछ र कार्यपालिकालाई १ महिनाभित्रमा सिफारिस गर्नुपर्नेछ।

(७) उपदफा (१) बमोजिमका स्वास्थ्य संस्थाले तोकिएको व्यहोराको वार्षिक प्रतिवेदन शाखा समक्ष पेस गरी प्रत्येक आर्थिक वर्षमा दर्ता नवीकरण वा नवीकरण सिफारिस लिनुपर्नेछ।

(८) कुनै कारणले स्वास्थ्य संस्था बन्द गर्नुपर्ने वा नगरपालिका क्षेत्रबाट अन्यत्र सार्नुपर्ने भएमा शाखालाई अग्रिम जानकारी गराउनुपर्ने छ।

(९) यो ऐन जारी हुनुअघि नगरपालिकाक्षेत्रभित्र सञ्चालित निजी वा गैरसरकारी स्वास्थ्य संस्थाहरू ऐन जारी भएको मितिले ३ महिनाभित्र कार्यपालिकामा अनुमति लिइ दर्ता गराउनु पर्नेछ।

(१०) परम्परागत उपचार सेवा सञ्चालन गर्ने निकाय वा व्यक्तिले तोकिएको मापदण्ड र प्रक्रिया अनुरुप सेवा सञ्चालन स्वीकृति लिनुपर्नेछ।

(११) इजाजतपत्र सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

**९.दर्ता सिफारिस लिनुपर्नेः** (१) नगरपालिका क्षेत्रभित्र प्रादेशिक वा संघीय तहमा इजाजतपत्र लिई दर्ता भई सञ्चालन हुने निजी स्तरका स्वास्थ्य संस्थाले स्थापना तथा सञ्चालन र नवीकरणको लागि कार्यपालिकाबाट सेवा सञ्चालन पुर्व अनुमति वा दर्ता र नवीकरण सिफारिस लिनुपर्नेछ।

(२) यसरी अनुमति वा दर्ता सिफारिस लिने निजी स्वास्थ्य संस्थाले मापदण्ड बमोजिमका शर्तका अतिरिक्त आफ्नो स्वास्थ्य संस्थामा १०% शैयामा अनिवार्य रूपमा नगरपालिकाले सिफारिस गरेका असहाय, गरीव तथा विपन्न नागरिकको निःशुल्क उपचार गर्नुपर्नेछ।

## परिच्छेद–४

## स्वास्थ्य संस्थाको अनुगमन र गुणस्तर

**१०. गूणस्तर र पूर्वाधारको मापदण्ड पूरा गर्नुपर्नेः** (१) नगरपालिकाले क्षेत्रभित्रका सबै स्वास्थ्य संस्थाको लागि नेपाल सरकारले बनाएको मापदण्ड बमोजिम सेवा गूणस्तर मापदण्ड र पूर्वाधार मापदण्ड निर्देशिका बनाई लागु गर्नेछ।

(२) नगरपालिकाले क्षेत्रभित्रका सबै स्वास्थ्य संस्थाले तोकिएको मापदण्ड अनुरुपको सेवा गुणस्तर पूरा गरेको हुनुपर्नेछ।

**११. अनुगमन गर्नेः** (१) कार्यपालिकाको अनुगमन समितिले दफा ८ बमोजिम सञ्चालन अनुमति लिई नगरपालिका क्षेत्रभित्र सञ्चालनमा रहेका प्रत्येक स्वास्थ्य संस्थाको वर्षमा कम्तिमा दुई पटक अनिवार्य अनुगमन, निरीक्षण तथा मूल्यांकन गर्नेछ।

(२) गुणस्तरीयता कायम गरे नगरेको सम्बन्धमा आवश्यक ठानेमा अनुगमन समिति बनाई जुनसुकै वेला पनि नियमन, निरीक्षण र अनुगमन गर्न सक्नेछ।

(३) उपदफा (१) बमोजिम अनुगमन निरीक्षण गर्दा नगरपालिकाको प्रतिनिधिका साथै तोकिएको योग्यता भएको विज्ञ सम्मिलित अनुगमन समिति मार्फत गर्नेछ। विज्ञ उपलब्ध गराउन सम्बन्धित विषयका प्रादेशिक तथा संघीय तहका नियामक निकाय तथा अन्य विशेषज्ञ संस्थासँग सहकार्य गर्न सक्नेछ।

(४) अनुगमनका क्रममा पूर्वाधार वा गुणस्तरको मापदण्ड पालना नगरेको पाइएमा अनुगमन समितिले वस्तुस्थितिको मुचुल्का बनाई आवश्यकता अनुसार सम्बन्धित स्वास्थ्य संस्थामा सिलबन्दी गर्न सक्नेछ र कारवाहीका लागि सिफारिस गर्नेछ।

(५) उपदफा (४) बमोजिम अनुगमन समितिले गरेको कारवाही सिफारिसमा आफ्नो रायसमेत उल्लेख गरी अन्तिम निर्णयको लागि कार्यपालिकामा पेस गर्नेछ।

(६) निरीक्षण, अनुसन्धान तथा अनुगमनबाट प्राप्त नतिजाका आधारमा संस्था स्थापना र सञ्चालनको स्वीकृति दिने निकायले आवश्यक निर्देशन दिन सक्नेछ र सो संस्थाले मापदण्डहरुको पालना नगरेका कारण जनस्वास्थ्यमा प्रभाव पर्ने देखेमा संस्था बन्द गर्ने सम्मको आदेश दिन सक्नेछ।

(७) शाखाले नगरपालिकाभित्र स्वास्थ्य क्षेत्रको अवस्था, प्रगति विवरण र स्वास्थ्य संस्थाको अनुगमन प्रतिवेदन समेत सम्मिलित वार्षिक प्रतिवेदन तयार गर्नेछ। यस्तो प्रतिवेदन प्रत्येक आर्थिक वर्ष अन्त्य भएको ६ महिनाभित्र नगर कार्यपालिकाले नगर सभामा पेस गरी छलफल गर्नेछ।

**१२. सेवा शुल्क निर्धारण र पुनरावलोकनः** (१) कार्यपालिकाले संघीय सरकारले तोकेको मापदण्ड अनुसार नगरपालिकाभित्रको स्वास्थ्य सेवाको अधिकतम शुल्क निर्धारण तथा पुनरावलोकन गर्न सक्नेछ र सोको कार्यन्वयन भए नभएको नियमित अनुगमन गर्नेछ।

(२) कुनै पनि स्वास्थ्य संस्थाले उपदफा (१) को प्रतिकूल नहुनेगरी आफ्ना सेवाको शुल्क परिवर्तन गर्दा परिवर्तन गर्नुपर्ने आधार प्रष्ट खुलाई कार्यपालिकालाई पूर्व जानकारी गराउनेछ। यसरी निर्धारित शुल्कको सूची सबै सेवाग्राहीले देखे स्थानमा राख्नेछ।

## परिच्छेद–५

## सरसफाई, स्वास्थ्यजन्य फोहोर व्यवस्थापन तथा स्वस्थ वातावरण

**१३. सरसफाई तथा प्रदूषण रोकथामः** (१) कुनै पनि व्यक्ति वा निकायले कुनै पनि प्रकारको फोहोर कार्यपालिकाले तोकेको स्थान वाहेक अन्यत्र फ्याँक्न पाइने छैन। यसका लागि कार्यपालिकाले उपयुक्त प्रक्रिया र विधि निर्धारण गर्नेछ।

(२) नगरपालिकाक्षेत्रभित्र जल, जमिन, वायु र ध्वनि प्रदूषणको रोकथाम गर्नु नगरपालिका क्षेत्रका सबै वासिन्दा तथा संस्था र निकायको जिम्मेवारी हुनेछ।

(३) कार्यपालिकाले जनस्वास्थ्यमा प्रतिकूल असर पार्ने जल, जमिन, वायु र ध्वनि प्रदूषण रोकथामको लागि संघीय मापदण्ड अनुसारको स्थानीय मापदण्ड तथा निर्देशिका बनाई लागु गर्न सक्नेछ।

(४) जनस्वास्थ्यमा प्रतिकूल असर पार्ने किसिमले जल, जमिन, वायु र ध्वनि प्रदूषण गरेको पाइएमा कार्यपालिकाले प्रचलित कानूनबमोजिम कारवाही गर्न सक्नेछ।

(५) कार्यपालिकाले सामुदायिक सरसफाई सम्बन्धी निर्देशिका बनाई लागु गर्नेछ।

(६) फोहोरमैला व्यवस्थापनले मानव स्वास्थ्यमा पारेको वा पार्ने प्रभावको जाँच परीक्षण र अनुसन्धान गर्ने अधिकार सम्बन्धित जनस्वास्थ्य अधिकारीसँग हुनेछ।

(७) जाँच परीक्षणमा कुनै निकायमा फोहोरमैला व्यवस्थापन प्रभावकारी हुन नसकी मानव स्वास्थ्यमा प्रतिकूल प्रभाव पारेको भेटिएमा सम्बन्धित जनस्वास्थ्य अधिकारीले उक्त निकायलाई समयमै सचेत गराई आवश्यक कारवाहीका लागि सिफारिस गर्नेछ।

**१४. स्वास्थ्यजन्य फोहोर व्यवस्थापनः** (१) स्वास्थ्य सम्बन्धी फोहोरमैलाको छुट्टाछुट्टै संकलन, पुनःउपयोग, प्रशोधन, विसर्जन र सोको सेवा शुल्क निर्धारण र नियमनको लागि कार्यपालिकाले निर्देशिका बनाई लागु गर्नेछ।

(२) कार्यपालिकाले स्वास्थ्य क्षेत्रबाट निष्कासित फोहोरमैला व्यवस्थापनमा निजी तथा गैह्र–सरकारी क्षेत्रसँग समेत सहकार्य र साझेदारी गर्न सक्नेछ।

## परिच्छेद–६

## जनस्वास्थ्य निरीक्षण र प्रवर्धन

**१५. जनस्वास्थ्य निरीक्षणः** (१) कार्यपालिकाले जनस्वास्थ्यमा प्रतिकूल असर पार्ने गतिविधि र वस्तुबाट आम जनतालाई सुरक्षित गर्नका लागि त्यस्ता गतिविधि र वस्तुको अनुगमन, नियमन र नियन्त्रण गर्नेछ।

(२) खाद्य, वातावरण, पानी लगायत जनस्वास्थ्यका अन्य पक्षहरूको गुणस्तर अनुगमन तथा निरीक्षण गर्न कार्यपालिकाले संघ तथा प्रदेशसँगको समन्वयमा आवश्यक मात्रामा जनस्वास्थ निरीक्षकहरू परिचालन गर्न सक्नेछ।

(३) जनस्वास्थ्य निरीक्षणको क्रममा कुनै व्यक्ति वा संस्थाले यस ऐनको परिच्छेद–५ वा परिच्छेद–६ को उल्लङ्घन गरी जनस्वास्थ्यमा प्रतिकूल असर पर्ने गतिविधि गरेको पाइएमा जनस्वास्थ्य निरीक्षकले वस्तुस्थितिको मुचुल्का बनाई र उक्त गतिविधि तत्कालका लागि बन्द गराई कारवाहीका लागि सिफारिस गर्नेछ।

**१६. खाद्य तथा पानीको गुणस्तरः** (१) कार्यपालिकाले प्रचलित संघीय र प्रादेशिक मापदण्डका आधारमा नगरपालिकाक्षेत्रभित्र विक्री तथा वितरण हुने खानेपानी तथा खाद्य सामग्रीको गुणस्तर मापदण्डका साथै त्यसका विक्रेता वा आपूर्तिकर्ताको मापदण्ड बनाई लागु गर्नेछ।

(२) कार्यपालिकाले संघीय तथा प्रादेशिक तहबाट स्थापित खानेपानी तथा खाद्य सामग्री गुणस्तर मापदण्डका आधारमा स्थानीय मापदण्ड बनाई खानेपानी तथा खाद्य सामग्रीका विक्रेता तथा आपूर्तिकर्तालाई सञ्चालन अनुमति दिनेछ।

(३) कार्यपालिकाले नियमित रूपमा मापदण्ड पालना भए–नभएको सन्दर्भमा जनस्वास्थ्य निरीक्षक खटाई अनुगमन तथा निरीक्षण गर्नेछ।

(४) कार्यपालिकाले योजना बनाई नगरपालिकाक्षेत्रभित्र अस्वस्थकर खाद्य पदार्थको उपभोग निरुत्साहित पार्ने तथा सन्तुलित आहार सम्बन्धी चेतनामुलक कार्यक्रम सञ्चालन गर्नेछ।

(५) कार्यपालिकाले नगरपालिकाक्षेत्रभित्र खानेपानीको गुणस्तर सुनिश्चित गर्न खानेपानीका स्रोतको उचित संरक्षण गर्नेछ।

(६) कार्यपालिकाले खाद्य सामग्रीको उत्पादन तथा वितरणमा क्टिनाशक औषधी वा मानव स्वास्थ्यको प्रतिकूल हुने रसायनको प्रयोगको अनुगमन तथा नियन्त्रण गर्नेछ।

(७) खाद्यान्न, मासु र पानी लगायतका उपभोग्य वस्तु उत्पादन, भण्डारण तथा बिक्री वितरणका क्रममा तोकिए बमोजिमको न्यूनतम मापदण्ड अनिवार्य पालना गर्नु पर्नेछ। यसरी तोकिएका मापदण्डहरू गल्ली, ठेला वा अन्य स्थान तथा साधनहरू प्रयोग गरी बिक्री वितरण गर्ने निकायहरुलाई समेत लागु हुनेछ।

(८) माथि उल्लेखित संस्थाहरूले वितरण गर्ने खाद्य पदार्थले मानव स्वास्थ्यमा पारेको वा पार्ने प्रभावको जाँच परीक्षण र अनुसन्धान गर्ने अधिकार सम्बन्धित जनस्वास्थ्य अधिकारीसँग हुनेछ। यसरी जाँच परीक्षण गर्दा निरीक्षकले संघीय सरकारले तोकेको मापदण्डलाई समेत आधार बनाउनु पर्नेछ।

(९) जाँच परीक्षणमा कुनै संस्थाले वितरण गरेको खाद्य पदार्थले मानव स्वास्थ्यमा प्रतिकूल प्रभाव पारेको वा कुनै व्यक्ति बिरामी परेको यथेष्ट प्रमाण भेटिएमा सम्बन्धित जनस्वास्थ्य अधिकारीले उक्त संस्थाको सञ्चालन अनुमति तोकेको समयका लागि कारवाहीका लागि सिफारिस गर्न सक्नेछ।

**१७. अखाद्य पदार्थ, मदिरा तथा सुर्तीजन्य पदार्थको नियमनः** (१) कार्यपालिकाले सुर्ती, मदिरा तथा अखाद्य पदार्थलाई नियमन गर्न नेपाल सरकारले तोकेको मापदण्डलाई आधार मानी सुर्ती, मदिरा तथा अखाद्य पदार्थको विक्री तथा वितरणलाई नियमन, नियन्त्रण तथा मर्यादित बनाउन निर्देशिका बनाई कार्यान्वयन गर्नेछ।

(२) सुर्ती तथा मदिराजन्य पदार्थ विक्री वितरणका लागि कार्यपालिकाबाट छुट्टै इजाजतपत्र लिनु पर्नेछ।

(३) खाद्य पदार्थ विक्री गर्ने पसलमा सुर्ती तथा मदिराजन्य पदार्थ वितरण गर्न बन्देज लगाउन सक्नेछ।

(४) सुर्ती तथा मदिराजन्य पदार्थ विक्री वितरण र प्रयोगमा नियन्त्रण एवं न्यूनिकरण गर्न कार्यपालिकाले निषेधित र विक्री वितरणका लागि खुला क्षेत्र तोक्न सक्नेछ।

(५) नगरपालिकाभित्र मदिरा, चुरोट, सुर्ती लगायत मानव स्वास्थ्यलाई गम्भीर असर गर्ने सामग्रीको विज्ञापन गर्न पाइने छैन।

(६) १८ वर्षमुनिका बालवालिकालाई सुर्तीजन्य वा मदिराजन्य पदार्थ विक्री वितरण गर्न पाइने छैन।

(७) विद्यालय लगायतका स्थानमा जंक फुडको विक्री वितरण, प्रचार र उपभोग निषेधित गरिनेछ। निषेधित क्षेत्रमा जंक फुडको विक्री, वितरण, प्रचार गरेको पाइएमा सम्बन्धित विद्यालय तथा त्यस्तो जंक फुडको बिक्री, वितरण वा प्रचार गर्ने व्यक्ति वा संस्था वा दुवैलाई तोकिए बमोजिम कारवाही हुनेछ।

**१८. जनस्वास्थ्य मैत्री भवन निर्माण तथा सडक पूर्वाधारः** (१) नगरपालिकाभित्र सार्वजनिक भवनहरू निर्माण गर्दा जनस्वास्थ्यमैत्री हुनु पर्नेछ। यसमा भवन आचारसंहिता मापदण्ड पालना, खासगरी भूकम्प प्रतिरोधी तथा अपांगतामैत्री हुनुपर्ने समेत पर्दछ।

(२) संघ, प्रदेश वा नगरपालिकाले तोकेका जोखिमपूर्ण क्षेत्रहरूका आवास निर्माण गर्न पाइने छैन। यदि निर्धारित क्षेत्रमा पहिले देखिनै आधिकारिक बसाई रहेको भएमा कार्यपालिकाले प्रचलित संघीय कानून अनुसार वैकल्पिक स्थानसहित उपयुक्त क्षतिपूर्तिको व्यवस्था गर्नेछ।

(३) सडक पूर्वाधार निर्माण गर्दा सडक दुर्घटना कम हुने गरी र स्वास्थ्य प्रवर्द्धनलाई ध्यानमा राखेर निर्माण गर्नु पर्नेछ। नयाँ बन्ने सडक र पूराना सडकहरूको स्तरोन्नति गर्दा आवश्यकता अनुसार फुटपाथ र साइकल लेनको उचित प्रवन्ध मिलाउनु पर्नेछ।

(४) नगरपालिकाले कुनै पनि भौतिक निर्माण गर्दा वा निर्माण अनुमति दिनुअघि त्यस्तो निर्माणको क्रममा जनस्वास्थ्यमा पर्न सक्ने प्रभावको मूल्याङ्कन गर्न सक्नेछ। यस्तो मूल्याङ्कनबाट जनस्वास्थ्यमा प्रतिकूल प्रभाव पर्न सक्ने देखिएमा त्यस्तो प्रभाव न्यूनिकरण गर्ने विधिबाट निर्माण गरिनेछ।

**१९. जनस्वास्थ्य मैत्री वस्ती विकास तथा शहरीकरणः** (१) जनस्वास्थ्यमैत्री वस्तीविकास तथा शहरीकरण प्रवर्धन गर्नु नगरपालिकाको दायित्व हुनेछ। जसमा आवश्यकता र सान्दर्भिकता अनुसार स्वास्थ्यका दृष्टिकोणले पर्याप्त खेल, मनोरञ्जन स्थल, पैदल हिड्ने व्यवस्था, साइकल चलाउन मिल्ने व्यवस्था आदि समेत पर्नेछ। नगरपालिकाले शहरीकरणका आवश्यक मापदण्डहरूमा उपरोक्त पक्षहरूलाई समावेश र प्रवर्द्धन गर्नेछ।

(२) कार्यपालिकाले योजना बनाई नगरपालिकाक्षेत्रभित्र सार्वजनिक खुल्ला स्थान तथा सार्वजनिक पार्कको निर्माण र संरक्षण गर्नेछ।

## परिच्छेद–७

## स्वास्थ्य पूर्वाधार र जनशक्ति व्यवस्थापन

**२०. स्वास्थ्य पूर्वाधार र मापदण्डः** (१) कार्यपालिकाले आफ्नो क्षेत्राधिकारभित्रका स्वास्थ्य संस्थामा उपलब्ध स्वास्थ्य सम्बन्धी भौतिक पूर्वाधारको संरक्षण र संवर्धन गर्नेछ।

(२) पूर्वाधार मापदण्डको आधारमा स्वास्थ्य संस्थाका पूर्वाधारको निर्माण तथा मर्मत सम्भार गर्नेछ।

(३) स्वास्थ्य सम्बन्धी भौतिक पूर्वाधारको मर्मत सम्भारका लागि कार्यपालिकाले कूल निर्माण पूँजीको निश्चित प्रतिशत मर्मत सम्भारका लागि वार्षिक रूपमा छुट्टाउनेछ।

(४) कार्यपालिकाले नगरपालिकाको स्वामित्व रहेका स्वास्थ्य संस्थाहरूमा स्वास्थ्य संस्थाको वर्गीकरण तथा पूर्वाधार मापदण्ड अनुसार न्यूनतम औजार उपकरणहरूको उपलब्धता सुनिश्चित गर्नेछ।

**२१. जनशक्तिको व्यवस्थापनः** (१) नगरपालिकाभित्रका स्वास्थ्य संस्थामार्फत आधारभूत स्वास्थ्य सेवा प्रवाहका लागि देहाय बमोजिमको जनशक्ति रहनेछन्।

(क) स्थायी (नेपाल सरकारको स्वास्थ्य सेवाबाट समायोजन भई आएका स्वास्थ्य जनशक्ति र लोकसेवाबाट पदपूर्ति हुने स्थायी जनशक्ति)

(ख) करार (करार सेवामा भर्ना गरिएका जनशक्ति)

(ग) अभ्यासकर्ता

(घ) स्थानीय स्वास्थ्य कार्यकर्ताः स्वयंसेविका

(२) कार्यपालिकाले स्वीकृत संरचना अनुरूपको आवश्यक जनशक्ति स्थायी र अस्थायी कर्मचारीबाट पदपूर्ति गर्नेछ।

(३) कार्यपालिकाले जनशक्तिको क्षमता अभिवृद्धिका लागि प्रादेशिक वा संघीय तहका सम्बन्धित निकाय वा अन्य संस्थाको सहयोगमा आवश्यकता अनुसार तालिम तथा शिक्षण गराउनेछ।

(४) नगरपालिकाक्षेत्रभित्र स्वास्थ्यकर्मीहरूका लागि कार्यमैत्री वातावरण तथा पेशागत सुरक्षाको व्यवस्था हुनेछ।

(५) जनशक्ति व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था प्रचलित कानून र तोकिए बमोजिम हुनेछ।

**२२.कार्यसम्पादन करार गर्नुपर्नेः** स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन कार्यपालिकाले कर्मचारीहरूसँग छुट्टाछुट्टै कार्यसम्पादन करार गर्न सक्नेछ।

## परिच्छेद–८

## विपद् व्यवस्थापन र जनस्वास्थ्य निगरानी

**२३. विपद व्यवस्थापन संयन्त्रः** (१) कार्यपालिकाले सम्भावित महामारी लगायतका जनस्वास्थ्य विपदहरूको पुर्वतयारी, जाँचपड्ताल, व्यवस्थापन र जोखिम न्यूनिकरणका लागि उपयुक्त संयन्त्रसहितको प्रबन्ध गर्नेछ।

(२) सम्भावित महामारीको जोखिम पहिचान गरी तिनको रोकथामको लागि अन्य संस्था तथा निकायसँगको सहकार्यमा योजना बनाई कार्यान्वयन गर्नेछ।

(३) नगरपालिकाले महामरी र विपदबाट थप क्षति हुन नदिन स्थानीय संयन्त्र परिचालन गर्न र थप सहयोगको लागि अन्य स्थानीय सरकार, प्रदेश र संघीय सरकारसँग अनुरोध गर्न सक्नेछ।

**२४. जनस्वास्थ्य आपतकालः** (१) महामारी वा जनस्वास्थ्यमा अन्य कुनै गम्भीर खतरा देखिएमा नगरपालिका प्रमुखले प्रदेश तथा संघीय सरकारसँग समन्वय गरी स्थानीय जनस्बास्थ्य अधिकारीको सिफारिसमा आफ्नो क्षेत्रभित्र जनस्वास्थ्य आपतकाल घोषणा गर्न सक्नेछन्।

(२) उपदफा (१) बमोजिम आपतकालीन स्वास्थ्य अवस्था घोषणा गर्दा विस्तृत प्राविधिक जानकारी, कति समयका लागि हो, सो र कुन–कुन क्षेत्रमा सो लागु हुने हो सो समेत स्पष्ट उल्लेख गर्नु पर्नेछ।

(३) आपतकालीन स्वास्थ्य अवस्था घोषणा सम्बन्धी जानकारी सम्बन्धित सबैका लागि सार्वजनिक माध्यमबाट प्रचारप्रसार गर्नु पर्नेछ।

(४) आपतकालीन स्वास्थ्य अवस्थाको समयावधि क्षेत्र लगायत तथा अन्य पक्षहरूमा उपलब्ध तथ्यांक तथा सूचनाका आधारमा थपघट वा हटाउन समेत सकिनेछ।

(५) जनस्वास्थ्य आपतकालको क्रममा रोगको रोकथाम र जनस्वास्थ्यमा परेको खतरा नियन्त्रणका लागि जनस्वास्थ्य अधिकारीको सिफारिसमा प्रमुखले जारी गरेका जनस्वास्थ्य सम्बन्धी आदेशहरूको पालना गर्नु सबैको कर्तव्य हुनेछ।

## परिच्छेद–९

## औषधी तथा स्वास्थ्य उपकरणको खरिद तथा भण्डारण, वितरण, नियमन

**२५. औषधी खरिद, भण्डारण र वितरण सम्बन्धी व्यवस्थाः** (१) नगरपालिकाले निःशुल्क वितरण गर्ने वा फार्मेसीमार्फत विक्री गर्ने औषधीको सूची निर्धारण गरी औषधी तथा स्वास्थ्यजन्य उपकरणको खरिद भण्डारण र वितरणको लागि कार्यपालिकाले वार्षिक खरिद योजना बनाउने छ।

(२) उपदफा (१) वमोजिमको औषधी खरिद गर्दा सार्वजनिक खरिद ऐन र औषधी सम्बन्धी प्रचलित ऐन कानूनबमोजिम हुनेछ।

(३) नगरपालिका मातहतका स्वास्थ्य संस्थामा औषधी खरिद, आपूर्ति, भण्डारण तथा विक्री गरिने औषधीको हकमा मूल्य निर्धारणको लागि निर्देशिका बनाई कार्यान्वयन गर्नेछ।

**२६. निःशुल्क औषधीः** (१) शाखाले दफा ३ र दफा ४ बमोजिम निःशुल्क औषधी आफू मातहतका स्वास्थ्य संस्थामार्फत वितरण गर्नेछ।

**२७. नियमनः** (१) कार्यपालिकाले संघीय तथा प्रादेशिक तहका प्रचलित कानूनका समेतलाई आधार मानी नगरपालिकाक्षेत्रभित्र औषधीको विक्री, वितरण तथा प्रयोगको नियमन गर्नेछ।

## परिच्छेद–१०

## साझेदारी र सहकार्य

**२८. साझेदारी र सहकार्य गर्न सक्नेः** (१) कार्यपालिकाले आधारभूत तथा अन्य स्वास्थ्य सेवा प्रवाह गर्न तथा यस ऐनको कार्यान्वयन गर्न प्रचलित कानूनको अधीनमा रही आवश्यकता अनुसार स्थानीय, प्रादेशिक तथा संघीय तहमा कार्यरत निजी, सरकारी तथा गैरसरकारी संस्था तथा निकायसँग सहकार्य गर्न सक्नेछ।

(२) सेवा प्रवाहको सुलभता वा खर्च न्यूनिकरणका लागि कार्यपालिकाले अन्य स्थानीय सरकारसँग सहकार्य गरी आफ्नै क्षेत्रभित्र वा नजिकको पायक पर्ने स्थानीय तहमा सञ्चालित स्वास्थ्य संस्थामार्फत सेवा प्रवाह गराउन सकिनेछ।

(३) उपदफा (२) बमोजिमको सहकार्य गर्न कार्यपालिकाले अन्य नगरपालिकासँग लक्षित जनसंख्याको अनुपातका आधारमा वा सेवाग्राही संख्याको अनुपातका आधारमा खर्च बाँडफाँड गर्ने गरी संयुक्त सेवा सम्झौता गर्न सक्नेछ।

**२९. सेवा खरिद सम्झौता गर्न सक्ने:** नगरपालिका क्षेत्रका वासिन्दालाई स्वास्थ्य सेवा सुनिश्चित गर्नका लागि कार्यपालिकाले नगरपालिकाक्षेत्रभित्र सञ्चालित वा नगरपालिका आसपासमा पायक पर्ने स्थानमा सञ्चालित निजी, गैरसरकारी, सामुदायिक, सरकारी वा सहकारी संस्थाले सञ्चालन गरेका स्वास्थ्य संस्थासँग सेवा खरिद सम्झौता गर्न सक्नेछ।

**३०. विद्यालय स्वास्थ्य सेवा:** (१) नगरपालिकाले शैक्षिक निकाय तथा विद्यालयहरुसँग सहकार्य गरी विद्यालय स्वास्थ्य सेवा प्रदान गर्न विद्यालय नर्सको व्यवस्था गर्न सक्नेछ।

(२) विद्यालय स्वास्थ्य सेवा र विद्यालय नर्स सम्बन्धी व्यवस्थाको प्रकृति र मापदण्डहरू कार्यपालिकाले तोके बमोजिम हुनेछ।

**३१. घुम्ती शिविर सम्बन्धी व्यवस्था:** (१) स्वास्थ्य सम्बन्धी घुम्ती शिविर वा सेवाहरू सञ्चालन गर्न शाखाबाट अनुमति लिनु पर्नेछ।

(२) घुम्ती स्वास्थ्य शिविर वा सेवाहरू प्रदान गर्दा पूरा गर्नुपर्ने प्रक्रिया र मापदण्ड कार्यपालिकाले तोकेबमोजिम हुनेछ।

## परिच्छेद–११

## स्वास्थ्य सूचना प्रणाली र स्वास्थ्य प्रविधि तथ्यांक तथा अभिलेख

**३२. तथ्याङ्क संकलन र अभिलेखीकरण:** (१) नगरपालिकाले आफ्नो क्षेत्रमा घरपरिवार तहसम्मको स्वास्थ्य सम्बन्धी तथ्यांक र अभिलेख संकलन गरी नियमित रूपमा अद्यावधिक गर्ने पद्धति विकास गर्नेछ।

(२) नगरपालिकाक्षेत्रभित्रका सबै स्वास्थ्य संस्थाले तोकिएको बेहोराको रोग, बिरामी तथा सेवासम्बन्धी तथ्यांक र अभिलेख नगर स्वास्थ्य सूचना प्रणालीमा नियमित रूपमा अद्यावधिक गराउनु पर्नेछ।

(३) प्रत्येक स्वास्थ्य संस्थाले आफ्नो स्वास्थ्य संस्थामा जन्मेको शिशुको अभिलेख अनिवार्य रूपमा राख्नु पर्नेछ।

(४) नगरपालिका वा इजाजतपत्र स्वास्थ्य संस्था वा अनुमतिप्राप्त स्वास्थ्यकर्मीले संकलन गरेको स्वास्थ्यसँग सम्बन्धित व्यक्तिगत सूचना, कागजात तथा अभिलेखको गोपनीयताको सुनिश्चित गर्नु सम्बन्धित स्वास्थ्य संस्था तथा नगरपालिकाको दायित्व हुनेछ।

(५) नगरपालिका तथा वडा तहका स्वास्थ्य सम्बन्धी सूचकांकहरू नियमित रूपले अद्यावधिक गरी सार्वजनिक गर्नेछ।

(६) कार्यपालिकाले स्वास्थ्य सम्बन्धी सूचना प्रादेशिक तह तथा संघीय तहका स्वास्थ्य हेर्ने निकायमा आवश्यकता अनुसार उपलब्ध गराउनेछ।

(७) शाखाले आवधिक रूपमा नगर स्वास्थ्य सर्वेक्षण गर्नेछ।

**३३. जानकारी पाउने हकः** बिरामीलाई आफ्नो उपचारसम्बन्धी सम्पूर्ण जानकारी पाउने हक हुनेछ। सो जानकारी उपलब्ध गराउनु स्वास्थ्य संस्थाको कर्तव्य हुनेछ।

## परिच्छेद–१२
## आकस्मिक स्वास्थ्य सेवा

**३४. आकस्मिक सेवाबाट बन्देज नगरिनेः** (१) नगरपालिका क्षेत्रमा सञ्चालित कुनै पनि स्वास्थ्य संस्थामा कुनै पनि बिरामी व्यक्तिलाई आकस्मिक स्वास्थ्य सेवा प्राप्त गर्न बन्देज गरिने छैन।

(२) स्वास्थ्य सेवा प्रदायक वा स्वास्थ्यकर्मीले आवश्यकता अनुसार कुनै पनि ब्यक्तिलाई जीवन रक्षा गरी स्थिर अवस्थामा ल्याउनेसम्म आकस्मिक उपचार गर्नु प्रत्येक स्वास्थ्य संस्था एंव स्वास्थ्यकर्मीको कर्तव्य र दायित्व हुनेछ।

(३) स्वास्थ्य संस्थाले आकस्मिक स्वास्थ्य सेवा व्यवस्थित गर्नका लागि बिरामीको अवस्थाको गम्भीरताको आधारमा वर्गीकरण गरी प्राथमिकता तोकी उपचार गर्न सक्नेछ।

(४) उपदफा (१) को आकस्मिक उपचार खर्च व्यवस्थापन गर्नका लागि नगरपालिकाले छुट्टै आकस्मिक उपचार कोषको व्यवस्था गर्नेछ।

**३५. एम्बुलेन्स सेवाः** (१) नगरपालिकाले आफ्नै स्रोतबाट वा अन्य संस्थासँगको सहकार्यमा एम्बुलेन्स सेवा सञ्चालन गर्न सक्नेछ।

(२) शाखाले नगरपालिकाक्षेत्रभित्र आधारित भई सञ्चालन हुने एम्बुलेन्सहरू नेपाल सरकारले तोकेको मापदण्ड अनुरूप भए नभएको अनुगमन तथा नियमन गर्नेछ।

(३) नगरपालिका क्षेत्रभित्र आधारित भई सञ्चालन हुने एम्बुलेन्सहरू संचालकले शाखामा दर्ता तथा वार्षिक नवीकरण गराउनु पर्नेछ।

(४) नगरपालिकाले अन्य स्थानीय सरकारसँगको सहकार्यमा एम्बुलेन्स सञ्जाल निर्माण गर्न सक्नेछ।

(५) उपदफा ३ बमोजिम दर्ता तथा नवीकरण नभएका एम्बुलेन्स कार्यपालिकाले नियन्त्रणमा लिन सक्नेछ।

## परिच्छेद–१३
## प्रेषण तथा उपचार प्रणाली

**३६. प्रेषण तथा उपचार प्रणाली**: (१) स्वास्थ्य सेवा प्राप्त गर्नका लागि सेवाग्राही आफ्नो अनुकूल पायक पर्ने स्वास्थ्य संस्थामा उपस्थित हुन सक्नेछ।

(२) उपदफा (१) बमोजिम उपचारको लागि आएको बिरामीलाई उपचार प्रदान गर्न नसकिने अवस्था भएमा त्यस्तो स्वास्थ्य संस्थाले तुरुन्त त्यस्तो बिरामीलाई उपचार प्रदान गर्नसक्ने स्वास्थ्य संस्थामा प्रेषण गर्नु पर्नेछ।

(३) कार्यपालिकाले संघीय तथा प्रादेशिक कानून, नियम तथा मापदण्ड समेत ध्यानमा राखी विभिन्न स्वास्थ्य संस्थामा हुने उपचार प्रणालीलाई संयोजन गर्न प्रेषण प्रणाली लागु गर्नेछ।

## परिच्छेद–१४
## दण्ड र जरिवाना

**३७. कसूर गरेको मानिने**: (१) कसैले देहाय बमोजिमका कार्य गरेमा यो ऐन अन्तर्गतको कसूर गरेको मानिनेछः–

(क) दफा ८ बमोजिम इजाजतपत्र नलिई स्वास्थ्य संस्था सञ्चालन गरेमा,

(ख) स्वास्थ्य उपचार सेवा प्रदान गर्न इन्कार गरेमा,

(ग) स्वस्थ्य संस्थाले आधारभूत स्वास्थ्य सेवा तथा स्वास्थ्य संस्थामा उपलब्ध हुने आकस्मिक उपचार नगरेमा,

(घ) दफा ४९(२) बमोजिम सेवाग्राहीलाई समान व्यवहार नगरेमा,

(ङ) दफा ३२(४) बमोजिम गोपनीयता कायम नगरेमा,

(च) स्वास्थ्यकर्मी वा सेवा प्रदायकलाई यो ऐन अन्तर्गतको कर्तव्य निर्वाह गर्न बाधा व्यवधान उत्पन्न गरेमा,

(छ) स्वास्थ्यकर्मी वा स्वास्थ्य संस्थालाई यो ऐन बमोजिम सूचना वा जानकारी गराउनु पर्ने व्यक्तिले त्यस्तो सूचना वा जानकारी उपलब्ध नगराएमा,

(ज) स्वास्थ्यकर्मी वा सेवाप्रदायकलाई जानीजानी गलत सूचना उपलब्ध गराएमा,

(झ) स्वास्थ्यकर्मी वा स्वास्थ्य संस्थालाई झुक्याउन अर्को व्यक्ति भएको बहाना गरेमा,

(ञ) यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियम, मापदण्ड, निर्देशिका तथा कार्यविधि बमोजिम जारी भएको सूचना पालना नगरेमा,

(ट) दफा १६ बमोजिम खाद्य पदार्थ तथा पानीको गुणस्तरका कारण जनस्वास्थ्यमा प्रतिकूल प्रभाव पारेमा,

(ठ) दफा १७ विपरीत कसैले विज्ञापन गरेको पाइएमा,

(ड) यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियम, मापदण्ड, निर्देशिका तथा कार्यविधि विपरीतको अन्य कुनै कार्य गरेमा।

(२) उपदफा (१) को खण्ड (क) बमोजिमको कसूर गरेमा संघीय जनस्वास्थ्य सेवा ऐन, २०७५ बमोजिम हुनेछ।

(३) उपदफा (१) को खण्ड (ख), (ग), (घ), (ङ), (च), (छ), (ज), (झ), (ञ), (ट), र (ड) बमोजिमको कसूर गरेमा पच्चीस हजारदेखि पचास हजारसम्म जरिवाना,

(४) उपदफा (१) को खण्ड (ठ) बमोजिमको कसूर गरेमा विज्ञापन प्रसारण गर्नेलाई दश हजार रुपैयाँ जरिवाना।

(५) दण्ड, सजाय र जरिवाना सम्बन्धी अन्य व्यवस्थां प्रचलित कानूनबमोजिम हुनेछ।

**३८. मुद्दा हेर्ने अधिकारीः** यस ऐन अन्तर्गत सजाय हुने कसुर सम्बन्धी मुद्दाको शुरु कारवाही र किनारा गर्ने अधिकार नगर उपप्रमुखलाई हुनेछ।

**३९. पुनरावेदनः** यस ऐन अन्तर्गत सजाय हुने कसुरसम्बन्धी मुद्दामा नगर उपप्रमुखले गरेका निर्णयउपर ३५ दिनभित्र जिल्ला अदालतमा पुनरावेदन लाग्नेछ।

## परिच्छेद–१५

## नगर जनस्वास्थ्य बोर्ड

**४०. नगर जनस्वास्थ्य बोर्डको गठनः** नगरपालिकाले जनस्वास्थ्यसँग सरोकार निकायका उच्च अधिकारीहरू तथा विज्ञहरूको संलग्नता हुने गरी निम्न बमोजिमको जनस्वास्थ्य बोर्ड स्थापना गर्नेछ।

(क) नगरपालिका प्रमुख– अध्यक्ष

(ख) नगरपालिका उपप्रमुख– सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत– सदस्य

(घ) स्थानीय स्वास्थ्य समिति प्रमुख– सदस्य

(ङ) स्वास्थ्य क्षेत्र हेर्ने कार्यपालिका सदस्य– सदस्य

(च) कानून शाखा प्रमुख वा कानूनी सल्लाहकार– सदस्य

(छ) स्थानीय अस्पतालः स्वास्थ्य संस्थामा कार्यरत चिकित्सक स्वास्थ्यकर्मी मध्ये नगरपालिका प्रमुखले तोकेको २ जना– सदस्य

(ज) समितिले मनोनित गर्ने स्वास्थ्य र शिक्षा क्षेत्रका विज्ञ २ जना– सदस्य

(झ) स्थानीय स्वास्थ्य शाखा प्रमुख– सदस्य सचिव

**४१. बोर्डको काम, कर्तव्य र अधिकारः** बोर्डको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः–

(क) स्थानीयस्तरमा स्वास्थ्य सुरक्षा, सम्बर्धन र सुधार सम्बन्धी नीति निर्धारण गर्ने,

(ख) स्वास्थ्य सेवाको क्षेत्रमा समानुपातिक वितरणको आधारमा प्राथमिकताका क्षेत्रहरु निर्धारण गर्ने,

(ग) राष्ट्रिय स्वास्थ्य योजना र नीति तर्जुमाको अनुसरण गर्ने गराउने,

(घ) जनस्वास्थ्य सम्बन्धी राष्ट्रिय रणनीति, ढाँचा वा नियमनहरुलाई स्थानीय स्तरमा लागु गर्न सम्बन्धित क्षेत्र वा निकायलाई आवश्यक निर्देशन तथा अनुगमन गर्ने,

(ङ) रोगहरूको रोकथाम, प्रवर्द्धनात्मक कार्य लगायत जनस्वास्थ्यको सुधार सम्बन्धी कुनै पनि विषयमा प्रदेश तथा संघीय सरकारसँग आवश्यक सहयोग तथा परामर्श लिने।

(च) तोकिए बमोजिमको अन्य कार्य गर्ने।

(छ) स्वास्थ्यसँग सम्बन्धित कुनै विषयमा सुझाव प्रस्तुत गर्न समिति वा उप–समिति गठन गर्ने।

(ज) बोर्ड सम्बन्धी अन्य कार्यविधि परिषद् आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

## परिच्छेद–१६
## विविध

४२. **समन्वय गर्ने:** राष्ट्रिय तथा प्रादेशिक अभियानमा स्थानीय सरकारले समन्वय र सहयोग पुऱ्याउनेछ।

४३. **नियम बनाउन सक्ने:** यस ऐनको कार्यान्वयनका लागि कार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ र त्यस्तो नियम नगरपालिकाले स्थानीय राजपत्रमा प्रकाशन भएपछि लागु हुनेछ।

४४. **मापदण्ड, निर्देशिका र कार्यविधि बनाउन सक्ने:** यस ऐनको कार्यन्वयनका लागि कार्यपालिकाले आवश्यक मापदण्ड, निर्देशिका र कार्यविधि बनाउन सक्नेछ।

४५. **स्वास्थ्य कार्यक्रम सञ्चालन गर्ने:** कार्यपालिकाले लक्ष्य निर्धारण गरी योजना निर्माण, कार्यन्वयन, मूल्यांकन तथा समीक्षाको कार्यतालिका बनाई आवश्यकता अनुसार स्वास्थ्य/जनस्वास्थ्य सम्बन्धी प्रवर्द्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक तथा पुनःस्थापना सम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्न सक्नेछ।

४६. **पोषण कार्यक्रम सञ्चालन गर्ने:** (१) कार्यपालिकाले गर्भवती महिला, आमा र शिशुका लागि पोषण सुरक्षा कार्यक्रमको सञ्चालन र प्रवर्द्धन गर्नेछ।

(२) कार्यपालिकाले योजना बनाई स्तनपान प्रवर्द्धनका कार्यक्रम सञ्चालन गर्नेछ।

(३) कार्यपालिकाले योजना बनाई नगरपालिकाक्षेत्रभित्र कुपोषणको पहिचान, न्यूनिकरण, रोकथाम, नियन्त्रण र व्यवस्थापनका साथै अति कुपोषित बालबालिकाको पुनःस्थापना सम्बन्धी कार्यक्रम सञ्चालन गर्नेछ।

४७. **सामाजिक सुरक्षा र स्वास्थ्य बीमा:** (१) नगरपालिकाक्षेत्रका सबै वासिन्दालाई स्वास्थ्य बीमा ऐनले तोकेबमोजिम अनिवार्य स्वास्थ्य बीमामा आवद्ध गराउनु कार्यपालिकाको दायित्व हुनेछ।

(२) कार्यपालिकाले सम्बन्धित निकायसँगको सहकार्यमा सामाजिक सुरक्षासम्बन्धी जनचेतनाका कार्यक्रम सञ्चालन गर्न सक्नेछ।

(३) कार्यपालिकाले आर्थिक रूपले विपन्न तथा तोकिएका अन्य लक्षित समुहको स्वास्थ्य बीमा गराउन र अन्य सामाजिक सुरक्षाका कार्यक्रममा सहभागी गराउन आर्थिक व्यवस्थापनका लागि प्रादेशिक तथा संघीय तहका निकायहरूसँग समन्वय गर्नेछ।

(४) महिला, बालबालिका, किशोरकिशोरी, दलित, अपाङ्गता भएका व्यक्ति, अशक्त, ज्येष्ठ नागरिक र अन्य लक्षित समूहहरूका लागि कार्यविधि बनाई कार्यपालिकाले विशेष सामाजिक स्वास्थ्य सुरक्षा कार्यक्रमहरू सञ्चालन गर्न सक्नेछ।

(५) कार्यपालिकाले विशेष संरक्षणको आवश्यकता भएका महिला, बालबालिका तथा ज्येष्ठ नागरिक/अपाङ्गता भएका/अशक्त र अन्य लक्षित समूहहरूका लागि प्रदेश तथा संघको समन्वयमा आवश्यक संरक्षणको व्यवस्था गर्न सक्नेछ।

**४८. अधिकार प्रयोग गर्न सक्ने**: यस ऐनमा सभाले गर्ने भनी तोकेको बाहेक अन्य अधिकारहरू कार्यपालिकाले प्रयोग गर्न सक्नेछ।

**४९. सेवाग्राहीको कर्तव्यः** (१) प्रत्येक व्यक्ति नियमित रूपमा आफूलाई पायक पर्ने स्वास्थ्य संस्थामा गई स्वास्थ्य परीक्षण गराउनु प्रत्येक नागरिकको कर्तव्य हुनेछ।

(२) आफ्नो स्वास्थ्यको सम्बन्धमा सचेत रहने र चिकित्सक तथा स्वास्थ्यकर्मीलाई मर्यादित एवं शिष्ट व्यवहार गर्नु नगरपालिकाभित्रका प्रत्येक नागरिकको कर्तव्य हुनेछ।

(३) मानसिक स्वास्थ्य समस्या भएका व्यक्तिहरूलाई कसैले पनि बाँधेर राख्ने वा खोरमा थुन्ने जस्ता कार्य गर्न पाईने छैन। त्यस्ता व्यक्तिहरूको बारेमा कार्यपालिकालाई सूचना दिने, स्वास्थ्य संस्थामा लैजाने, उपचार गर्ने गराउने, उपचार खर्च दिने र स्वस्थ रहन तथा उपचार गर्ने कार्यमा सहयोग तथा सहजिकरण गर्नु प्रत्येक संरक्षकको दायित्व हुनेछ।

**५०. सेवा प्रदायक र स्वास्थ्यकर्मीको दायित्वः** (१) नागरिकलाई शिष्ट र मर्यादित रूपमा स्वास्थ्य सेवा प्रदान गर्नु सेवा प्रदायकको दायित्व हुनेछ।

(२) यस ऐन बमोजिम स्वास्थ्यकर्मीले उपचार गर्दा सबै सेवाग्राहीप्रति समान व्यवहार गर्नु र भेदभाव नगरी सेवा दिनु सबै स्वाथ्यकर्मीको कर्तव्य हुनेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि विरामीको अवस्थाको आधारमा सेवा प्रदायकले उपचार गर्दा प्राथमिकिकरण गर्न सक्नेछ।

(४) स्वास्थ्यकर्मीलाई पेशागत सुरक्षा र कार्यमैत्री वातावरणको हक हुनेछ।

**५१. स्वास्थ्य सेवा अवरुद्ध गर्न नपाईनेः** स्वास्थ्य सेवा अत्यावश्यक सेवा भएकाले कुनै पनि स्वास्थ्य संस्थामा नियमित र आकस्मिक सेवा अवरुद्ध गर्न पाईने छैन।

**५२. गुनासो व्यवस्थापनः** कार्यपालिकाले स्वास्थ्य सेवा, सरसफाई र जनस्वास्थ्यसँग सम्बन्धित गुनासो र उजुरीको संकलन गर्ने र त्यसको सम्बोधनका लागि सिफारिस गर्न एक अधिकारी तोकिनेछ।

**५३. प्रचलित कानूनबमोजिम हुनेः** यस ऐनमा लेखिएजति विषय यसै ऐन बमोजिम र यस ऐनमा नतोकिएका विषयको हकमा प्रचलित कानूनबमोजिम हुनेछ।

**५४. क्षतिपूर्ति दिनुपर्नेः** नगरपालिकाभित्र कुनै व्यक्ति वा संस्थाको गतिविधिले अन्य व्यक्तिको स्वास्थ्यमा प्रत्यक्ष रूपमा प्रतिकूल असर गरेमा निजलाई न्यायिक समितिले क्षतिपूर्ति दिलाउन सक्नेछ।

**५५. परामर्श लिन सक्नेः** कार्यपालिका, सभा वा शाखाले यस ऐनको कार्यान्वयनका लागि सम्बन्धित विषयका विज्ञसँग सल्लाह र परामर्श लिन सक्नेछ।

**५६. अधिकार प्रत्यायोजन गर्न सक्नेः** कार्यपालिकाले यस ऐन अन्तर्गत तोकिएका जिम्मेवारी तथा अधिकार शाखामा प्रत्यायोजित गर्न सक्नेछ।

**५७. खारेजी र बचाउः** (१) यस ऐनमा लेखिएका कुनै कुरा नेपालको प्रचलित कानूनको कुनै व्यवस्थासँग बाँझिएमा बाँझिएको हदसम्म स्वतः अमान्य हुनेछ।

नगरसभाबाट स्वीकृत मितिः २०८३/०३/०७ गते
प्रमाणीकरण मितिः २०८३/०४/०६ गते

<u>आज्ञाले</u>
खगेन्द्र साउँद
प्रमुख प्रशासकीय अधिकृत